# इलाम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, इलामको
## सटर पसलहरुकोठेक्का बन्दोबस्तसम्बन्धी सूचना
**( मिति २०७५/०३/१४)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार इलाम नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने इलाम सिटी मार्ट भवन निर्माण गर्दा नभत्कने सटर पसल लगायत अन्य सटरपसलहरु सम्मानित उच्च अदालत बिराटनगर, इलाम इजलास इलामको मिति २०७४।२।१४ को निर्देशनात्मक आदेशलाई सम्मान गर्दै इलाम नगरकार्यपालिकाको मिति २०७५।२।३१ को निर्णयानुसार निम्नानुसारको सटर पसलहरु भाडामा लगाउन आ.व. २०७५/०७६ का लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा सँस्था सम्वन्धित सबैमा प्रत्येक सटर पसलका लागि छुट्टा छुट्टै बोलपत्र फाराम (प्रति फाराम रु ५००।०० फिर्ता नहुने गरी) खरिद गरी निम्न शर्तको अधिनमा रही रीतपूर्वक शिलवन्दी वोलपत्र आह्वानका लागि यो १५ दिने सूचना प्रकाशन गरिएको छ ।

बसपार्क, नयाँबजार र भञ्ज्याङ्गका सटरहरुको विवरण

| क्र.सं. | सटर नं. | न्यूनतम मासिक भाडा दर | कैफियत |
|---|---|---|---|
| १ | क-२० | ६०००।०० | |
| | क-२२ र २३ | १००००।०० | ५००० x २ कोठा |
| २ | ख-२१ | १००००।०० | |
| ३ | ख-१ | ५०००।०० | पुरानो आ.प्रा.वि. |
| ४ | ख-३ | ४५००।०० | ,, |
| ५ | ख-४ | ३०००।०० | ,, |
| ६ | क-२१ | ५०००।०० | ,, |
| ७ | ख-२ | ४५००।०० | ,, |
| ८ | ग-१ | ४५००।०० | ट्याक्सी स्ट्याण्ड |
| ९ | क-२५ | ९०००।०० | हुलाक छेउ |
| १० | ग-२-१ | ५०००।०० | |
| ११ | ग-३-१ | ६०००।०० | |
| १२ | ग-४ | २५००।०० | मासु पसल क्षेत्र |
| १३ | ग-५ | २५००।०० | ,, |
| १४ | क-२४ | ५०००।०० | ट्याक्सी स्ट्याण्ड |
| १५ | क-२८ | ५०००।०० | |
| १६ | क-२६ | ९०००।०० | |
| १७ | क-२९ | ४५००।०० | उ.वाणिज्य संघ छेउ |
| १८ | क-३४/१ | ४०००।०० | |
| १९ | क-३५ | ४०००।०० | प्रकाशपथ |
| २० | क-३० | ११०००।०० | उ.वा.छेउ |
| २१ | क-३३ | १००००।०० | प्रकाशपथ |
| २२ | क-३२ | १००००।०० | ,, |
| २३ | क-३१ र ३१/१ | २००००।०० | १०००० x २= २०००० |
| २४ | क-३४ | ४०००।०० | |
| २५ | क-३५ | ७०००।०० | बसपार्क |
| २६ | क-३४ | २०००।०० | वडा नं.९ को वडा भवन |
| २७ | क-बस-१ | ६०००।०० | बसपार्क पूर्वतर्फको तले घरको माथिल्लो कोठाहरु |
| २८ | क-बस-२ | ६०००।०० | बसपार्क पूर्वतर्फको २ तले घरको जमिन तलाको हल |
| २९ | क-बस-३ | ६०००।०० | बसपार्कको हाल बुकिङ्ग काउण्टर सटर |
| ३० | क-बस-४ | ६०००।०० | बसपार्कको हाल बुकिङ्ग काउण्टर सटर |
| ३१ | क-नयाँबजार-१ | ६०००।०० | हुलाक कार्यालय पूर्व रहेको २ तले भवन माथिल्लो तला |
| ३२ | क-भञ्ज्याङ्ग-२ | २०००।०० | इलाम न.पा.९, भञ्ज्याङ्ग |

### शर्तहरु

१. बोलपत्र फाराम उल्लेख भए अनुसारको दस्तुर (फिर्ता नहुने) बुझाई सूचना प्रकाशत भएको मितिको १५ औं दिनको दिन कार्यालय समयभित्र यस कार्यालयवाट खरिद गर्न सकिनेछ ।

२. यस कार्यालयको छाप र प्रमुखको दस्तखत नभएको वोलपत्रलाई मान्यता दिइने छैन र छायाँप्रति बोलपत्र फाराम स्वीकार्य हुने छैन ।

३. वोलपत्र १६ औं दिन दिनको १२ वजेभित्रमा दाखिला गरिसक्नु पर्नेछ र वोलपत्र सोही दिनको २ वजे खोलिने छ । सो समयमा ठेकेदार स्वयम् वा निजको प्रतिनिधि उपस्थित नभएमा वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन । वोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परे उक्त कार्य सोको भोलिपल्ट वा कार्यालय खुलेपछि गरिनेछ ।

४. वोलपत्र खरिद गर्दा सम्वन्धित व्यक्ति, फर्म वा कम्पनीले न.पा. को बाँकी बक्यौता चुक्ता गर्नु पर्नेछ र निवेदनसाथ नागरिकताको प्रमाणपत्रको छायाँप्रति, व्यवसाय गरी आएको भए न.पा. को व्यवसाय दर्ता प्रमाण पत्रको छायाँप्रति पेश गर्नु पर्नेछ ।

५. बोलपत्र फाराम भर्दा आफुले कवोल गरेको अङ्क र अक्षर दुवैमा प्रष्ट उल्लेख गर्नुपर्नेछ । कुनै व्यहोरा सच्याइएमा सच्याएको ठाउमा बोलपत्रदाताको दस्तखत भएको हुनुपर्नेछ । अङ्क र अक्षरमा फरक परे, अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. बोलपत्र फाराम साथ आफुले कवोल गरेको मासिक भाडा रकम बराबरको धरौटी रकम ने.बै.लि.इलाम स्थित यस कार्यालयको धरौटी खाता नं.०४००३०००००००००३००००४३ मा नगद दाखिला गरेको सक्कल भौचर संलग्न गर्नु  पर्नेछ ।

७. शिलवन्दी बोलपत्रको खाममा ठेक्काको नाम, ठेक्का नम्वर र बोलपत्रदाताको नाम, ठेगाना र मोवाइल नं. स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

८. उल्लिखित बोलपत्र अनुसार बोलपत्रदाताहरु बिचमा प्रतिस्पर्धा हुँदा साविकमा संझौता गरी भाडामा लिई व्यवसाय गरी आएका व्यक्तिको बोलकवोल अंकसँग बराबर भएमा साविकमा संझौता गरी भाडामा व्यवसाय गरी आएका व्यवसायीले प्राथमिकता पाउने र निजको बोलपत्र स्वीकृत हुनेछ ।

९ नेपाल सरकारलाई वुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर शुल्क आदि बोलपत्रदाता स्वयम्ले वुझाउनु पर्नेछ, । उक्त रकम कवोल अंकवाट कटाउन पाइने छैन ।

१०. बोलपत्र स्वीकृत भएपछि संझौताको बखत नै कवोल गरेको मासिक भाडा रकम तत्काल बुझाई सोपश्चात महिनाको अन्तिम हप्ता भित्र आगामी महिनाको भाडा वुझाउनु पर्नेछ ।

१२. सटरपसल प्रयोगका क्रममा कुनै वाधा अड्चन आइपरेमा वा ठेकेदार र कार्यालयवीच विवाद भएमा प्रचलित ऐन, नियम एवम् सम्झौताको परिधिभित्र रही नगरपालिकाले गरेको निर्णय अन्तिम र मान्य हुनेछ ।

१४. यससम्बन्धी विस्तृत जानकारीको लागि कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ । कार्यालयको सम्पर्क फोन नं.०२७ ५२००६५ रहेको  छ ।